मुसिकोट नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

रुकुम (पश्चिम)

कर्णाली प्रदेश, नेपाल

website : musikotmunrukum.gov.np
Email : ito.musikotmun@gmail.com
फोन नम्बर : 088530261, 088530372

प.स. २०८०/०८१
च.न. (सुचना जानकारी)

मिति : २०८०।५।११

**विषय : सम्बन्धित सबैमा हार्दिक अनुरोध ।**

सर्वप्रथम २०८०।५।९ गतेका दिन मेरै कार्यकक्षमा मेरै अगाडी मातहतका कर्मचारीमाथि हातपात र दुर्व्यवहार भएको घटनाप्रति दुःख व्यक्त गर्दछु ।मेरै सामुन्ने मातहतका कर्मचारीलाई आक्रमणबाट जोगाउन नसकेकोमा कार्यालय प्रमुख र व्यक्तिगत रुपमा क्षमायाचना गर्दछु । उक्त घटनाको अधिकारप्राप्त निकायबाट सत्यतथ्य छानविन गरी दोषी उपर कानुन अनुसार कारवाही गर्नको लागि सम्बन्धित निकायहरुमा अपिल गर्दछु । २०८०।५।९ गते पश्चात पनि विभिन्न माध्यमबाट *"अरु कर्मचारीमाथि पनि यो भन्दा कडा आक्रमण गरिनेछ, गर्नुपर्छ, पिट्नुपर्छ"* भनी आइरहेका गैरकानुनी धम्की प्रति क्षोभ प्रकट गर्दछु र कर्मचारीलाई भयरहित कार्य वातावरण सिर्जनाको लागि सम्बन्धित निकायमा अनुरोध गर्दछु । आक्रमणबाट जोगिन कर्मचारी वर्गलाई पनि सचेत रहन अनुरोध गर्दछु । आगामी दिनमा अवाञ्छित तत्वबाट कर्मचारी र कर्मचारीका परिवारमाथि आक्रमण हुनसक्ने भय, संशय र त्रासदी उत्पन्न भएकोले ज्युज्यान सुरक्षाको प्रत्याभुती गर्न स्थानीय प्रशासन र नजिकका सुरक्षा निकाय समक्ष विनम्रतापुर्वक अनुरोध गर्दछु । आगामी दिनमा यस्ता किसिमका दुःखद, अवाञ्छित र कानुन विपरितका गतिविधि नदोहोर्याउन सम्बन्धित पक्षलाई मुसिकोट नगरपालिका अन्तर्गत कार्यरत सबै तह, सेवा समुहका कर्मचारीको तर्फबाट सविनय अनुरोध गर्दछु । साथै मुसिकोट नगरपालिका अन्तर्गत कार्यरत सबै कर्मचारीहरुलाई कानुनको दायरामा रही पदिय कार्यविवरण र कानुन अनुसार तोकिएका अधिकार अनुसार कानुनसम्मत तरिकाले सचेततापुर्वक कार्यसम्पादनमा सरिक हुन् निर्देश गर्दछु ।

मुसिकोट नगरपालिका अन्तर्गत कार्यरत कर्मचारीको तर्फबाट मिति २०८०।५।१० गते पेश भएका जायज मागमा ऐक्यवद्वताप्रति प्रतिवद्वता जनाउंछु । भए, गरेका सबै गतिविधिको अधिकारप्राप्त निकायबाट कानुनसम्मत् छानविन भई दोषी उपर कारवाही हुने अपेक्षा सहित सो सम्बन्धमा अधिकारप्राप्त निकायबाट छानविन गर्ने मौखिक तथा लिखित आश्वासन समेत प्राप्त भएकोले मिति २०८०।५।१० गते कार्यालयको मुलगेटमा लगाइएको ताला तत्काल खोली मिति २०८०।५।११ गते विहान १० बजेदेखि नै मुसिकोट नगरपालिका र मातहतका निकायहरुबाट नियमित सेवा प्रवाहमा सरिक हुन निर्देशन दिन्छु । मिति २०८०।५।१० गते एकदिन कार्यालयको मुल गेट बन्द भई कार्यालयको काममा सरिक हुन नसकेका कर्मचारीहरुको सञ्चित विदाबाट कट्टी गर्नको लागि मुसिकोट नगरपालिका, प्रशासन शाखालाई निर्देश गर्दछु ।

मुसिकोट नगरपालिकामा उत्पन्न विवादको कारण विद्यालयमा लामो समय शिक्षक कोटा रिक्त रही विद्यार्थीको पठनपाठन अवरुद्ध हुनसंक्ने भएकोले नियमानुसार शिक्षक नियुक्ती परीक्षा संचालनको प्रक्रियामा रहेका र स्थगित रहेका परीक्षाहरु उप्रान्त सम्बन्धित विद्यालयमै परीक्षा केन्द्र कायम गरी, परीक्षाको दिन नजिकको सुरक्षा निकायलाई लिखित जानकारी दिई, प्रचलित संघीय कानुनको अधिनमा रही मुसिकोट नगरपालिका, शिक्षा नियमावली २०७४ अनुसार गठित छनौट समितिबाट यथासिघ्र, स्वच्छ र निष्पक्ष रुपमा विद्यालय शिक्षक नियुक्तिको प्रक्रिया तत्काल सुचारु गर्न सम्बन्धित सबै सामुदायिक विद्यालयहरुलाई यसै सुचना मार्फत जानकारी गराउंछु ।

साथै कार्यालयमा उत्पन्न असहज परिस्थितिको कारण मुसिकोट नगरवासी, आमा, बुवा, दाजु, भाई, दिदी, वहिनी लगायत सम्पुर्ण पक्षहरुमा २०८०।५।१० गते एक दिन सेवा प्रवाह अवरुद्ध भई असुविधा हुन गएकोमा कार्यालय प्रमुखको रुपमा क्षमा चाहन्छु । कर्मचारीमाथि भएको आक्रमणलाई सम्प्रेषण गरी सहयोग गर्नुहुने सबै स्थानीय र राष्ट्रिय सन्चारमाध्यम, सन्चारकर्मी मित्रहरु लगायत् सम्वद्ध सबै पक्षप्रति हार्दिक नमन गर्दछु । धन्यवाद । नमस्कार ।२०८०।५।११

बिनाराम खड्का
नि. प्रमुख प्रशासकीय अधिकृत